PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratεekdaily.com

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यावहारिक सुरुआत आफैंबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




❖ वर्ष ३५ ❖ २०७८ फागुन २६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 10 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९४

## स्वास्थ्य र शिक्षा विकासको मूल आधार –अध्यक्ष यादव

प्रस, सिम्रौनगढ, २५ फागुन/

बाराको पचरौता-४ टोल बेलदारीस्थित आधारभूत अस्पतालको शिलान्यास कार्यक्रममा जनता समाजवादी पार्टीको अध्यक्ष उपेन्द्र यादवले स्वास्थ्य र शिक्षा नै विकासको मूल आधार भएकोले मधेस प्रदेशमा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको खाँचो औंल्याए ।

उनले देशको विकासको लागि शिक्षा अति महत्त्वपूर्ण भएको बताए । उनले मधेस आन्दोलनबाट देशमा आएको सङ्घीयतालाई बलियो बनाइ प्रहरी नियुक्ति र लोकसेवा आयोग प्रदेशको अधिकारमा हुनुपर्ने जिकिर गरे । उनले सातवटै प्रदेशमध्ये सबैभन्दा बढी अशिक्षा, बेरोजगारी र गरीबी मधेस प्रदेशमा भएकोले सुधारका लागि यहाँ उपलब्ध स्रोत-साधनको सही उपयोग गरी पिछडिएको मधेस प्रदेशलाई अगाडि ल्याउनु जरुरी भएको बताए । उनले कोरोनाभन्दा पनि खतरनाक यहाँ भ्रष्टाचार, भ्रष्टतन्त्र, कमिशनतन्त्र रहेकाले यी विकृतिलाई खतम पार्न हामी सबै जागरूक हुनुपर्नेमा जोड दिए। उनले कृषि उत्पादन बढाउन कृषकहरूको मनोबल मजबूत पार्नुपर्छ, सोको लागि देशमैं मल कारखाना खोल्नुपर्छ र यसको लागि पहल पनि शुरू भइसकेको बताए।


तस्वीरः प्रतीक



कार्यक्रममा वन तथा वातावरण मन्त्री रामसहाय यादवले मधेसलाई राजनीतिक, आर्थिक, सामाजिक अधिकार दिलाउन जरुरी रहेको बताए। उनले यहाँ नागरिकता विधेयक, वन विधेयकलगायत अन्य विधेयक लागू गर्नुपरेको छ तर एमालेको संसद् अवरोधका कारण पास हुन सकेको छैन।

उनले १५ शय्याको यो अस्पताल मधेस आन्दोलनको उपलब्धि भएको बताए। कार्यक्रममा प्रदेश सरकारको अर्थ राज्यमन्त्री उषा यादव, राष्ट्रियसभा सदस्य महमद खालिद सिद्धिकी, प्रदेशसभा सदस्य बच्चा यादव, पारस साह, केन्द्रीय सदस्य रामकिशोर यादव, रामबाबू यादव, भरतबहादुर खड्का, मधेस प्रदेश अध्यक्ष रामबाबूकुमार यादव, उपाध्यक्ष सुशील साहलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

पण्डित ज्ञानेश्वर पान्डेयले मन्त्रोच्चारण गरी विधिवत् शिलान्यास गराएका थिए ।

यो अस्पतालको निर्माण लागत १८ करोड रुपैयाँ रहेको जनाइएको छ । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरेका करीब पाँच सयजनालाई अध्यक्ष यादवले जसपामा प्रवेश गराएका थिए। उनले नवप्रवेशीहरूलाई फूलमाला र अबिर लगाइ स्वागत गरेका थिए ।

अखलेश यादवले स्वागत गरेको कार्यक्रममा अवधभूषण यादवले सहजीकरण गरेका थिए ।

## वीरगंज नाकाबाट सात महीनामा ८९ अर्बको पेट्रोलियम पदार्थ आयात

राधेश्याम पटेल, वीरगंज, २५ फागुन/

देशकै प्रमुख नाका वीरगंज नाकाबाट चालू आर्थिक वर्ष २०७८/७९ को सात महीनामा गत वर्षको तुलनामा करीब ४३ अर्बभन्दा बढीको पेट्रोलियम पदार्थ आयात भएको छ ।

इन्धन शीर्षकमा डिजेल, पेट्रोल, एलपी ग्याँस, मटीतेल तथा हवाई इन्धन भएपनि यस नाकाबाट डिजेल, पेट्रोल र एलपी ग्याँस अत्यधिक भित्रिने गरेको छ । भारतबाट सबैभन्दा छोटो दूरीको वीरगंज नाकाबाट सबैभन्दा बढी इन्धन भित्रिने गरेको छ। यो नाकाबाट ढुवानी भाडा कम पर्ने भएकोले इन्धन माथिल्लो पाँच आयातित वस्तुको सूचीमा पर्ने गरेको छ ।


तस्वीरः प्रतीक

गत आव २०७७/७८ को पहिलो सात महीनामा यो नाकाबाट ४५ अर्ब ६६ करोड ५८ लाख ९८ हजार मूल्य बराबरको डिजेल, पेट्रोल र एलपी ग्याँस भित्रिएको थियो भने चालू आवको गत साउनदेखि माघसम्म ८९ अर्ब ३९ करोड ५१ लाख नौ हजार मूल्य बराबरको इन्धन भित्रेको वीरगंज भन्सारले जनाएको छ। जुन गत आवभन्दा ४३ अर्ब ७२ करोड ६२ लाख सात हजार बढी मूल्यको डिजेल, पेट्रोल तथा एलपी ग्याँस भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्याङ्क शाखाले जनाएको छ ।

राजस्व सङ्कलनको हिसाबले हेर्ने हो भने गत आवको सात महीनाभन्दा चालू आवको सात महीनामा ११ अर्ब ९३ करोड २३ लाख १७ हजार रुपैयाँ बढी राजस्व सङ्कलन भएको छ । चालू आवको सात महीनामा डिजल, पेट्रोल र एलपी ग्याँसको आयातबाट वीरगंज भन्सारले ४१ अर्ब ७५ करोड ९५ लाख ९६ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। गत आवको पहिलो सात महीनामा ३० अर्ब ८२ करोड ७२ लाख ७९ हजार रुपैयाँ राजस्व सङ्कलन भएको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत दीलिप केसीले जानकारी गराए।

वीरगंज नाका भएर चालू आवको माघ मसान्तसम्म रु २५ अर्ब ७६ करोड ३४ लाख ८१ हजार राजस्व तिरेर ५२ अर्ब ९६ करोड ७५ लाख ३७ हजार मूल्य बराबरको सात लाख १८ हजार ७६९ केएल डिजेल भित्रिएको छ भने गत आवको सोही अवधिमा रु १९ अर्ब २३ करोड २३ लाख ८८ हजार राजस्व तिरेर २७ अर्ब १८ करोड ६१ लाख २७ हजार मूल्य बराबरको पाँच लाख ८१ हजार १३३ केएल डिजेल भित्रिएको थियो। डिजेल आयातको परिमाणलाई तुलना गर्ने हो भने गत आवभन्दा २४ प्रतिशत बढी डिजेल आयात भएको छ भने राजस्व पनि पोहोरभन्दा ३४ प्रतिशतले वृद्धि भएको छ। चालू आवको माघसम्म सात महीनामा कुल राजस्व सङ्कलनमा डिजेल आयातबापतको राजस्वले २१.७६ प्रतिशतको योगदान गरेको छ । त्यसैगरी, चालू आवको माघसम्म रु १२ अर्ब ६२ करोड ६१ लाख ३९ हजार राजस्व तिरेर १८ अर्ब ३६ करोड ७७ लाख ४० हजार मूल्य बराबरको दुई लाख ३९ हजार ९३२ केएल पेट्रोल भित्रिएको छ। गत आवको सोही अवधिमा नौ अर्ब ८६ करोड ११ लाख २३ हजार राजस्व तिरेर नौ अर्ब १८ करोड ५२ लाख ९७ हजार मूल्य बराबरको एक लाख ९५ हजार ६७२ केएल पेट्रोल भित्रिएको थियो । गत आवको सो अवधिमा कोरोना महामारीको कारण पेट्रोलबाट चल्ने सवारीसाधनको सञ्चालन कम भएकोले पेट्रोल न्यून परिमाणमा भित्रिएको थियो । गत आवभन्दा चालू आवमा पेट्रोलको परिमाण १८ प्रतिशतले वृद्धि भएको छ भने राजस्व २८ प्रतिशतले वृद्धि भएको छ । चालू आवको माघसम्मको सात महीनामा कुल सङ्कलित राजस्वमा १०.३६ प्रतिशतको योगदान पेट्रोल आयातबाट भएको छ ।

त्यसैगरी, चालू आवको माघसम्म सात महीनामा तीन अर्ब ३६ करोड ९९ लाख ७६ हजार राजस्व तिरेर १८ अर्ब पाँच करोड ६८ लाख २८ हजार मूल्य बराबरको १६ करोड २ लाख ८४ हजार ६५८ किलोग्राम एलपी ग्याँस आयात भएको छ भने गत आवको सोही अवधिमा रु एक अर्ब ७३ करोड ३७ लाख ५८ हजार राजस्व तिरेर नौ अर्ब २९ करोड ४४ लाख ७४ हजार मूल्य बराबरको १४ करोड ३३ लाख ५८ हजार छ सय किलोग्राम एलपी ग्याँस आयात भएको थियो। पोहोरभन्दा चालू आवको पहिलो सात महीनामा एलपी ग्याँसको आयात परिमाण १२ प्रतिशतले वृद्धि भएको छ भने ९४ प्रतिशतले राजस्वमा वृद्धि भएको छ। सो अवधिको कुल राजस्वमा २.७७ प्रतिशत एलपी ग्याँसको योगदान रहेको छ ।

वीरगंज भन्सारले चालू आवको साउनदेखि माघसम्म एक अर्ब १६ अर्ब ७१ करोड १५ लाख ८५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखे तापनि ४.३ प्रतिशत बढी अर्थात् एक खर्ब २१ अर्ब ७२ करोड ८४ लाख ७७ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको वीरगंज भन्सारको तथ्याङ्क तथा सूचना शाखाको तथ्याङ्कले जनाएको छ ।

## फन्टी खोलामा पुल निर्माण भएन

नरेश यादव, पर्सागढी, २५ फागुन/

पर्सागढी नगरापालिका-५ हर्दिया र वीरगंज महानगरपालिका-२८ इनर्वा


फन्टी खोलामा पुल नहुँदा असार-साउनमा निकै अप्ठेरो हुने गरेको छ ।
तस्वीरः प्रतीक

गाउँबीच रहेको फन्टी खोलामा हालसम्म पुल निर्माण नहुँदा स्थानीयवासीलाई समस्या भएको छ ।

सङ्घीय सांसद विमल श्रीवास्तव यस क्षेत्रबाट निर्वाचित भएपछि फन्टी खोलामा पुल निर्माण गर्ने आश्वासन दिएका थिए तर उनको कार्यकाल समाप्त हुन लाग्दा पनि उनी एकपटक पनि यस क्षेत्रमा आएका छैनन् ।


वडा नं ५ का अध्यक्ष अलम आलमलाई स्थानीयवासीले फन्टी खोलामा ह्युम पाइप लगाइदिन अनुरोध गरेपछि वडाध्यक्षले वास्ता गरेका छैनन् ।

फन्टी खोलामा पुल निर्माण भए वीरगंज तथा औद्योगिक क्षेत्र जान कम समय लाग्ने स्थानीयवासीले बताएका छन् ।

## स्व हीरालाल केडियाको अन्त्येष्टि

प्रस, वीरगंज, २५ फागुन/

केडिया अर्गनाइजेशनका सञ्चालक तथा समाजसेवी हीरालाल केडियाको बुधवार वाग्मती नदीमा अन्तिम संस्कार भएको छ ।


स्व. हीरालाल केडिया

उपचारको क्रममा ८४ वर्षीय केडियाको मङ्गलवार राति ९ बजे काठमाडौंमा निधन भएको थियो । स्व केडियाको पार्थिव शरीर राति नै वीरगंज ल्याइएको परिवारिक स्रोतले जनाएको छ । अलखियामठनजीकै रहेको उनको निवासमा बिहानदेखि नै श्रदाञ्जलि दिनेहरूको भीड लागेको थियो ।

आज बिहान शवयात्रा निकाली वाग्मती नदीमा अन्तिम संस्कार गरिएको हो । सातजना दाजुभाइमध्ये जेठा स्व केडियाले सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

## गाउँपालिकाको गाडी संविधानसभा सदस्य चढ्दै

प्रस, वीरगंज, २५ फागुन/

जीराभवानी गाउँपालिका कार्यालय प्रयोजनका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७६ सालमा पठाएको गाडी अहिलेसम्म संविधानसभा सदस्य जयप्रकाश थारूले प्रयोग गर्दै आएका छन् ।

बा.२झ ५८०२ नम्बरको चार चक्के गाडी संविधानसभा सदस्य थारूले प्रयोग गर्दै आएको स्थानीयले बताएका छन् । गाडी मात्र होइन चालक र इन्धनको खर्च पनि उनले गापाबाट लिने गरेको स्थानीयको दाबी छ । यसबाहेक बेलाबखतमा गाडीको मर्मतसम्भारको खर्च पनि गापाबाट लिने गरेको स्थानीयले जानकारी गराएका छन् । यसबारे प्रमुख प्रशासकीय अधिकृत प्राण मेहतासंग बुझ्दा उनले मन्त्रालयबाट गाडी पठाएको पत्र आएको तर गापाको कुनै पनि आधिकारिक व्यक्तिले नबुझेको बताए । उनले आफू प्रशासकीय अधिकृत भएर आएदेखि चालक, इन्धन र मर्मतसम्भारबापतको खर्च नभएको जानकारी पनि गराए ।

संविधानसभा सदस्य जयप्रकाश थारूले आफूले जीराभवानी गापाको नाममा रहेको कुनै पनि गाडी प्रयोग नगरेको बताए । थारूले मैले गाडी प्रयोग गरेको छैन भनेर अरू केही कुरा नगरी मोबाइल फोन काटिदिए ।

थारूले आफूले गाडी प्रयोग नगरेको दाबी गरे पनि उनले सो गाडीको प्रयोग गरेको देख्नेहरू थुप्रैले सो गाडी उनैले चढ्दै आएको र अहिले पनि उनकै निगरानीमा प्रयोग हुने गरेको बताएका छन् ।

## विचारसार एवं सूक्तिहरू

**जीवन औंलाको छापजस्तै हो, यसको नकल गर्न सकिंदैन। तसर्थ जीवन बाँच, यसलाई माया गर र एक क्षण पनि व्यर्थ जान नदेऊ। किनकि समयले छुट्टी मनाउँदैन, सपनाको म्याद गुज्रँदैन र जीवनलाई रोक्ने कुनै उपकरण हुँदैन।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# पर्सा जिल्ला पूर्ण खुला

**पर्सा जिल्ला अहिले पूर्णरूपमा खुला गरिएको छ। कोरोनाकालमा विभिन्न मितिमा कोभिड सङ्कट व्यवस्थापन समन्वय समिति, पर्साले जारी गरेको आदेश फागुन २४ गतेदेखि पर्सा जिल्लामा पूर्णरूपमा हटाइएको छ। नेपालमा तेस्रो चरणको कोरोनाको भेरियन्ट ओमिक्रोनका कारण मङ्सिर महीनादेखि कडाइ गरिएको थियो। ओमिक्रोन नेपालमा कोरोनाको यसअघिका दुई भेरियन्ट अल्फा र डेल्टाभन्दा तीव्र गतिमा फैलिएर सङ्क्रमण दर बढाएको थियो। कोरोनाको पहिलो भेरियन्ट अल्फाको बेलामा मानिसहरू जानकार थिएनन्। स्वयम् सरकार र यससम्बन्धी जानकारी राख्नेहरूमा पनि कोरोनाको बारेमा त्यति सान्हो ज्ञान थिएन र मानिसहरू कोरोना नामबाट त्रसित भएका थिए। कोरोना भएकाहरू त्यतिखेर घृणा, तिरस्कार आदिको शिकार हुनुपरेको थियो। घरपरिवार, साथीभाइ, आफन्तहरू पनि कोरोना भएका सदस्यहरूप्रति उदार देखिएका थिएनन्। स्वयम् चिकित्सकहरू पनि उपचारमा संलग्न हुन हिच्किचाएको अवस्था थियो। एकजना सङ्क्रमित भेटिएपछि ठूलो समाचार बन्ने गरेको थियो र सङ्क्रमित हुनेलाई सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूको निगरानीमा पूर्ण आदर–सत्कारका साथ अस्पताल पुऱ्याइन्थ्यो। पहिलो कोरोनाकालको सम्झना अहिले गर्दा हामी आफैंलाई पनि विश्वास हुने अवस्था छैन।**

**तीन वर्ष मात्र भएको घटनामा अहिले धेरै परिवर्तन भएको छ। कोरोनाको बारेमा धेरैजना जानकार भइसकेका छन् र जन–जनलाई यसबारे सामान्य ज्ञान भइसकेको छ। कोरोनाको दोस्रो लहर नेपालको लागि घातक रह्यो। मृत्युदर कोरोनाको दोस्रो भेरियन्ट डेल्टामा बढी भयो। फोक्सोमा असर गरेर श्वासप्रश्वासको समस्याबाट मानिसहरू मरेका घटनाले पहिलो चरणको भन्दा दोस्रो चरणको कोरोनामा मानिसहरूमा त्रास देखियो। त्यसपछिको कोरोनोको भेरियन्ट बेटा नेपालमा देखा परेन। नेपालमा तेस्रो चरणको भेरियन्टको रूपमा ओमिक्रोन आयो र सङ्क्रमण दर निकै बढायो। सङ्क्रमण दर बढे पनि यो बेलासम्म खोप लगाउने काम शुरू भएको र तीस प्रतिशतभन्दा बढी नेपालीले खोप लगाइसकेको कारण खोप लगाएकाहरूलाई त्यत्ति सान्हो समस्या भएन भने अन्यलाई पनि खासै प्रभाव पारेन। रुघाखोकी, ज्वरो भएर ग्रसित हुनेहरू यो अवधिमा कोरोना परीक्षण गराउँदा सङ्क्रमण हुने सम्भावना बढी देखियो। त्यसैले रुघाखोकी, ज्वरो भएकाहरूले कोरोना परीक्षण गराउन छाडे। घरमा सात दिन आराम गरेर यो रोगबाट छुटकारा पाउने चिकित्सकीय सल्लाहमा मानिसहरू एन्टिबायोटिक औषधि खाएर घरबाटै निको भए। यो अवधिमा सङ्क्रिमतहरू खुलेआम घुमफिर गर्न लागे। सरकारी, वित्तीय संस्था र रोग लागेपछि बिदा पाउने संस्थाबाहेक अन्यले परीक्षण गराउन छाडेको अवस्था देखियो।**

**यो चरणमा स्वास्थ्य र सुरक्षा मापदण्डका लागि कोभिड सङ्कट व्यवस्थापन केन्द्र, पर्साले मास्क अनिवार्य, भीडभाड नगर्न, भेला, सभा, सम्मेलन नगर्न निर्देशन जारी गरेको थियो। माघ महीनामा बिहेको लगन बढी भएकोले सो महीनामा बिहे नगर्न पनि आदेश जारी भयो। तर परिणाम हामी सबैसामु छ। यो अवधिमा कसैले आदेशको पालना गरेनन्। मास्क लगाउनेसम्मको प्रशासनको आदेशको पालना भयो। सबै कुरा सामान्य भएपछि समितिले निर्णय गरेर पूर्ण खुला गरेको घोषणाले औपचारिकता पूरा गर्ने काम मात्र भएको छ।**

# के गाउँमा नकारात्मक प्रवृत्ति बढेको हो ?

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**अहिले गाउँमा विनालगाम बढिरहेको विकृतिले कतै शहरी विकृतिलाई उछिन्ने त होइन भन्ने डर लाग्न थालेको छ। कतिपय सवालमा गाउँभन्दा शहरमा नकारात्मक प्रवृत्ति बढेको यथार्थलाई गाउँलेहरू पनि बुझ्न थालेका छन्।**

गाउँभन्दा शहर राम्रो कि शहरभन्दा गाउँ राम्रो भन्ने पक्ष र विपक्षमा अनेक तर्क दिन सजिलो छ। वातावरणीय दृष्टिकोणले गाउँभन्दा शहरलाई कमजोर मानिन्छ। गाउँमा वातावरण राम्रो हुन्छ भन्ने आम धारणा छ। यो वातावरण भन्नु प्राकृतिक पर्यावरण हो। प्रकृतिले दिएको घाम, पानी, हावा र जमीन शहरको तुलनामा गाउँमा शुद्ध हुन्छ भन्ने मान्यता छ। शहरमा प्रदूषण बढी हुन्छ। प्रदूषणमा जमीन, वायु तथा पानी सबै परेका हुन्छन्। जमीन फोहोर हुन्छ, पानी फोहोर हुन्छ र हावामा धूलो तथा धूवाँको मात्रा बढी हुन्छ। गाउँमा यातायात साधन कम हुने, सडकमा भीडभाड कम हुने तथा उद्योग–धन्दा पनि कम हुने हुँदा सबै किसिमको प्रदूषण कम हुन्छ। शहरमा सुविधा सबै थुप्रिएका हुन्छन्। सबै सुविधा रहने हुनाले केही वर्ष शहरमा बसेका मानिसलाई गाउँमा बस्न निकै अप्ठ्यारो हुन्छ। शहरमा सुविधाको आधिक्यले मानिस गाउँभन्दा शहरमा बस्न रुचाउँछ।

परम्परालाई पनि विचार गर्ने हो भने जहाँ मानिसको धेरै लामो समयदेखि बसोवास हुन्छ, त्यहाँ सुविधाको विकास भएको हुन्छ। जापानको टोकियो, चीनको बेइजिङ, भारतको दिल्लीजस्ता शहरको बसोवासलाई ऐतिहासिकताको दृष्टिकोणले विचार गर्ने हो भने धेरै पुराना शहरहरूमा पर्छन्। यस्ता पुराना र प्राचीन शहरहरूले सभ्यताको विकास गरिसकेको हुन्छ। शहरको आफ्नै सभ्यता र संस्कृति हुन्छ। शहरी सभ्यता र संस्कृतिभन्दा ग्रामीण सभ्यता र संस्कृति फरक हुन्छ। हो, जहाँको बस्ती प्राचीन छ र त्यसले यदि आफ्नो प्राचीन सभ्यता तथा संस्कृतिलाई बचाउन सकेको छ भने त्यहाँको सांस्कृतिक आलोक अन्यत्र विस्तार भएको हुन सक्छ। यसरी प्राचीन बस्तीहरू जहाँ पनि छन्, तिनका आफ्नै सभ्यता र संस्कृतिको खजाना हुन्छ। प्राचीन सभ्यता र संस्कृति सबै शहरमा पाइँदैन। यसको एउटा कारण यो पनि हो कि त्यो शहर नयाँ हुन्छ। गाउँबाट मानिस आएर शहर बसाउँछन्। त्यसैले अधिकांश मानिसको गाउँमा सम्बन्ध छ र शहरसँग पनि मोह छ। यस प्रकारका मानिस गाउँभन्दा पृथक भएर बस्न खोज्दा ग्रामीण बसाइको तरीका र शहरी बसाइको तरीकामा फरक पर्न जान्छ। लगत्तै अर्को पुस्तामा यो पृथकता झन् बढी हुन्छ र गाउँको संस्कृति हराउँछ, शहरले पनि खासै सभ्यता विकास गर्न सक्दैन।

आजभोलि नेपालमा पनि कतिपय मानिस गाउँभन्दा शहरलाई कमै मन पराउँछन् तर गाउँमा बस्न सक्दैनन्। कतिपय मानिस गाउँको आलोचना गर्छन् र गाउँमैं बस्न मन पराउँछन्। कतिपय मानिस यस्ता छन् जो गाउँ र शहरमा खासै भिन्नता देख्दैनन्। यद्यपि आधुनिक युगको देनले गर्दा गाउँ र शहरको दूरी कम हुँदै गएको छ। गाउँमैं सबै सुविधा हुनुपर्ने अवधारणाको विकास भएको छ। अझ सूचना प्रविधि र सञ्चारमा भएको तीव्र विकासले गर्दा गाउँमा धेरै सुविधा भएको छ। गाउँमा सुविधाको विकासले गाउँ र शहरको दूरी कम गरेको छ तर कतिपय के आलोचना गर्छन् भने गाउँमा शहरले सुविधा पठाउनुका साथै विकृति पनि पठाएको छ। गाउँमा सुविधा मात्र बढेको छैन, विकृति पनि बढेको छ। विकृतिको डरलाग्दो विस्तारले गर्दा पहिलेको गाउँभन्दा अहिलेको गाउँ फरक भएका छन्। गाउँमा अहिले पक्की घरहरूको सङ्ख्या बढिरहेको छ, गाउँका गल्लीहरू पनि पक्की बन्दैछन् तर कतिपय विकृति भने स्थायीरूपमा आएका छन्।

शहरमा सुविधा त धेरै हुन्छ तर शहरमा केही नियमले पनि काम गरेको हुन्छ। शहरमा नियमले काम गरेको हुन्छ भन्नुको तात्पर्य के हो भने नियम मान्छन्, नियम नमान्नेमाथि निगरानी गर्ने पनि हुन्छन्। उदाहरणको लागि शहरमा यदि साँझ नौ बजे होटल बन्द गर्नुपर्ने भनिएको छ भने नौदेखि सवा नौ बजेसम्म होटल बन्द भइसक्छ। मुश्किलले साढे नौ बजेसम्म कुनै होटल विशेष अवस्थामा खुला रहन्छ। यसैगरी मदिरा पसल निर्धारित समयमा खुल्ने र बन्द हुने हुन्छ। तर गाउँमा यही कुरा फरक हुन्छ। विनाइजाजत गाउँमा मदिरा पसल सञ्चालन गर्दा पनि कोही बोल्दैन। कसैले केही नबोल्ने होइन कि यदि कसैले सही तरीकाले सम्झाउन खोज्छ भने उल्टै गाली खानुपर्छ। कहिलेकाहीं झगडा पनि हुन्छ र मदिरा पसल सञ्चालन गर्ने तरीका सम्झाउन आउनेको नै गल्ती ठहऱ्याइन्छ। अझ यदि कसैले प्रहरी वा प्रशासनलाई यस विषयमा जानकारी दिन्छ भने ठूलो दोषी साबित हुन्छ। दोषी साबित भएर दण्डित हुने अवस्था पनि आउँछ। जबकि शहरमा यो अवस्था आउँदैन।

शहरमा यदि कसैले मदिरा खाएर जथाभावी बोल्दछ भने उसमाथि समाजको निगरानी अवश्य हुन्छ। समाजले उसलाई सम्झाइबुझाइ गर्ने प्रयास गर्छ। समाजमा जथाभावी बोल्नुहुँदैन भन्ने पक्षमा सबै हुन्छन् तर गाउँमा यसै कुरामा पृथक व्यवहार हुन्छ। पृथक यस अर्थमा कि कोही जतिसुकै कराए पनि यदि कसैको नाम लिएर अपशब्द प्रयोग गरेको छैन भने उसको दोष मानिंदैन। मदिरापान गरेर बोलेको कुरालाई गलती नै मान्नुहुँदैन। हो, यदि मदिरा खाएर नसाको सुरमा कसैको बिगार गरेको छ भने उसको गलती ठहरिन्छ। कसैले केही भन्नु र नभन्नु आफ्नो ठाउँमा छ, तर मदिरा खानेले जथाभावी बोल्ने स्वतन्त्रता खोज्दछ।

आजभोलि गाउँमा चुरोट र गाँजा खाने अम्मलीहरूको सङ्ख्या बढ्दो छ। पहिले गाउँमा बिंडी हुन्थ्यो, चुरोट खाने मानिस ज्यादै कम थिए। पहिले युवाहरू चुरोट वा बिंडी लुकेर खान्थे। आफूभन्दा पाको उमेरका मान्छे देख्दा डराउँथे, थाहा नपाऊन् भनेर सतर्क रहन्थे। मदिरा सेवन त युवाहरूले गर्दै गर्दैनथे। मदिरा सेवन गरेको युवाका अभिभावकले पनि कतैबाट थाहा पाउँदा लज्जाबोध गर्दथे तर अब जमाना बदलेको छ। आजभोलि गाउँमैं चुरोट, गाँजा, रक्सीको खुलेआम सेवन हुँदा पनि कोही रोक्ने छैन। यस अर्थमा गाउँमा विकृति प्रवेश गरेको छ। गाउँमा विकृत स्वतन्त्रता छ, स्वच्छन्दता छ। गाउँका धेरै युवा आजभोलि मदिरा नपिउनेलाई हेप्छन्, चुरोट नखाने हेपिन थालिएका छन्। गाउँका किशोरहरूमा समेत यी र यस्ता विकृति बढेको देखेर नै कतिपय गाउँलाई बिग्रिँदै गएको बताउन थालिएको छ र धेरै हदसम्म यो हो पनि। शहरको तुलनामा गाउँमा अशिक्षा छ, अज्ञानता छ, गरीबी छ, शोषण छ। गाउँभन्दा शहरमा अवसरको आधिक्य छ, सबै किसिमको सुविधा छ। गाउँको कतिपय सन्दर्भमा मर्यादा उच्च छ। मर्यादाको कारण गाउँको सभ्यता र शहरको सभ्यतामा भिन्नता छ तर कतिपय सन्दर्भ अब यस्तो आउन थालेको छ कि नवीन विकृतिले गर्दा गाउँमा नकारात्मकता बढेको छ। अहिले गाउँमा विनालगाम बढिरहेको विकृतिले कतै शहरी विकृतिलाई उछिन्ने त होइन भन्ने डर लाग्न थालेको छ। कतिपय सवालमा गाउँभन्दा शहरमा नकारात्मक प्रवृत्ति बढेको यथार्थलाई गाउँलेहरू पनि बुझ्न थालेका छन्।

# दोर्दीखोलाले वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन थाल्ने

लमजुङ, २५ फागुन/रासस

हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा यहाँ निर्माणाधीन दोर्दीखोला



तस्वीर: रासस

जलविद्युत् आयोजनाले आगामी वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन थाल्ने भएको छ।

जिल्लाको दोर्दी खोलामा निर्माणाधीन २७ मेगावाट क्षमताको सो आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको र चैत महिनाभित्र परीक्षण गरेर वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन गर्ने आयोजना प्रमुख मुना शाक्यले जानकारी दिए।

उनले भने–"हामीले आयोजनाको निर्माण सम्पन्न गर्दै एक महीना लामो परीक्षण गरिसकेका छौं।" यसबीच सानासाना समस्या रहेको र गत असारमा आएको बाढीले क्षति बनाएको बाँधस्थल लगायत क्षेत्रमा पर्खाल लगाउने र मरम्मत कार्य भइरहेको उनले बताए। चैत महीनाभित्र बाँकी रहेका काम सम्पन्न गर्दै अन्तिम परीक्षण गर्ने र प्राविधिकरणले जाँच गरेसँगै वैशाखको पहिलो हप्तादेखि व्यावसायिक उत्पादन गर्ने उनको भनाइ थियो।

आयोजनाको शत प्रतिशत निर्माण सम्पन्न भए पनि गत असारमा आएको

(बाँकी पाँचौं पातामा)

## आजको महिला-स्वतन्त्रताको अर्थ

पाठक/पत्र प्रतिक्रिया

२३ गते प्रतीकमा अनन्तकुमारलाल दासको लेख 'अन्तर्राष्टिय महिला दिवसको सार्थकता' पढेर केही लेख्न मन लाग्यो। महिला दिवसको सार्थकता वा निरर्थकताबारे मलाई भन्नु केही छैन। म त यो प्रश्न गर्न चाहन्छु कि के आजको महिला स्वतन्त्रता आन्दोलन सही दिशामा छ अथवा छैन ? यस दिशामा महिलाले के हासिल गर्नेछन् ? लेखकले महिलाको सम्बन्धमा तीन काल उल्लेख गरेका छन्–वैदिक, मध्य र आधुनिककाल। वैदिककालमा महिला स्वतन्त्र थिए र पुरुष समान हैसियत राख्दथे। आधुनिक कालमा पनि महिला स्वतन्त्रता र समानताको छेउमा पुगेका छन्। सारा उपद्रव केवल मध्यकालको देन हो। मतलब यो कि हामीले मध्यकाललाई छाडिदियौं भने वैदिककाल र आधुनिककालको महिला स्वतन्त्रता र समानताबीच तुलना गरी हेर्नुपर्छ। मेरो विचारमा त्यस कालको स्वतन्त्रता र समानता तथा आजको स्वतन्त्रता र समानतामा आकाश जमीनको फरक छ। त्यो फरक यो हो कि यदि वैदिककालको महिलालाई पोखरीमा फालिदिने हो भने पौडी खेलेर बाहिर आउन सक्षम थिए, आजका महिला त्यसैमा डुबेर मर्छन्। यही त्यस युग र आजको युगमा फरक छ।

आदिवासी महिला नाङ्गो छाती काम गर्छन् तर नाङ्गोपन अनुभूत हुँदैन। आजका महिला छाती ढाकेर पनि नाङ्गा र कुरूप देखिन्छन्। आदिवासी महिला स्वच्छन्द र मुक्त हाँसोका साथ मर्यादित हुन्छन्। आजका महिला सधैं कसैसँग बदला लिन हिंडेजस्तै तनाव बोकेका देखिन्छन्। याद राख्नुस् दुनियाँमा सबै कुराको विरोध हुन सक्छ तर मर्यादाको विरोध हुन सक्दैन। समाज निर्माण केवल र केवल मर्यादाले मात्र गर्न सकिन्छ। मर्यादा छैन भने त्यो समाज होइन, जङ्गल हो, जहाँ न्याय होइन हिंसक जन्तुका आतङ्क मात्र हुन्छ। आजको नारी दिवसले जुन दिशा समातेको छ त्यो निश्चय नै वैदिक नारीको स्वतन्त्रताजस्तो होइन। यो विनाशकारी अन्धकुपमा गएर समाप्त हुनेछ जहाँ केही पनि बाँकी रहने छैन। वैज्ञानिकले बम बनायेका छन्। युक्रेनमा विध्वंस मचाइरहेका छन्। आजको महिला स्वतंत्रतामा नारी स्वयं बम बनेक छन् जसले समाजको विध्वंस मात्र हुन्छ। सामूहिकता, सहकार्य र साहचर्यको नामोनिशान छैन त्यसमा। छ त केवल पुरुषप्रति प्रतिहिंसाको हिंसक भाव।

डा.शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४८

# कोरोनामा परेको माथिल्लो त्रिशूली '३ बी' जलविद्युत् आयोजनाले गति लियो

काठमाडौं, २५ फागुन/रासस

कोरोना कहर, निर्माण व्यवसायीको ढिलाइका कारण अपेक्षित प्रगति हासिल गर्न नसकेको माथिल्लो त्रिशूली 'थ्री बी' जलविद्युत् आयोजनाले पछिल्ला दिनमा उल्लेख्य प्रगति गरेको छ । जनताको जलविद्युत् कार्यक्रम अन्तर्गत रसुवा र नुवाकोटमा निर्माण भइरहेको कुल ३७ मेगावाट जडित क्षमताको सो आयोजनाको कामले गति लिएको हो ।

कोभिड–१९ महामारीको चपेटामा परेको माथिल्लो त्रिशूली '३बी' जलविद्युत् आयोजनाको अहिलेसम्मको समग्र भौतिक निर्माण प्रगति ५८ प्रतिशत पुगेको छ । आयोजनाको निर्माण असोज २०८० भित्र (सेप्टेम्बर २०२३) सम्पन्न गर्ने लक्ष्यका साथ काम धमाधम भइरहेको छ ।

नयाँ वर्ष मनाउन माघ २०७६ को दोस्रो साता आफ्नो घर गएका चिनियाँ कामदार कोभिड–१९ का कारण फर्कन र चीनबाट उपकरण तथा सामग्री ल्याउन नसक्दा पूर्णरूपमा काम भइरहेको आयोजनाको निर्माण करीब १५ महीना ठप्प प्रायः भएको थियो ।

आयोजनाको निर्माण २०७७ चैतबाट मात्र पुनः शुरू भएकामा कोभिड–१९ को दोस्रो र तेस्रो लहरका कारणले लगभग तीन हप्ता काम पुनः प्रभावित भएको थियो ।

साथै, मुख्य सुरुङमा पूर्वानुमानभन्दा ज्यादै कमजोर चट्टान फेला परेका कारण निर्माण प्रभावित भएको थियो । ठेकेदार चिनियाँ कम्पनी सुइफा एएनएचई ग्रुप कम्पनी लिमिटेडले अहिले इन्टेक, मुख्य सुरुङ, विद्युत्गृहलगायतका मुख्य संरचना निर्माण गरिरहेको छ ।


माथिल्लो त्रिशूली 'थ्री बी' जलविद्युत् आयोजना । तस्वीरः फाइल

आयोजनाको प्रवर्द्धक त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक मोहनप्रसाद गौतमले तीन हजार ८०५ मिटर लम्बाइ भएको मुख्य सुरुङमध्ये दुई हजार ८६५ मिटर खनिएको बताए ।

"सतही विद्युत्गृह खन्ने कार्य सम्पन्न भई संरचनाहरूको कङ्क्रिटिङ शुरू भएको छ, इलेक्ट्रोमेकानिकल उपकरण र पार्ट्सहरूको जडान गर्दै पहिलो चरणको कङ्क्रिटिङ आउँदो जेठसम्म सक्ने लक्ष्यका साथ काम भइरहेको छ," गौतमले भने ।

चीनसँगका भन्सार नाकाहरू अझै पूर्णरूपमा नखुल्दा ठेकेदार कम्पनीले खरीद गरिसकेका तथा खरीद आदेश दिई उत्पादन र प्याकेजिङको चरणमा रहेका निर्माण उपकरण तथा सामग्रीहरू ढुवानी गरी निर्माणस्थलसम्म ल्याउन सकिरहेको छैन । केरुङ नाकामा लामो समयदेखि छुटाउन नसकिएका इलेक्ट्रोमेकानिकल उपकरणहरू ऊर्जा र परराष्ट्र मन्त्रालयको पहलपछि ल्हासास्थित महावाणिज्य दूतावासबाट अब छिट्टै भन्सार नाकाबाट छुट्ने जानकारी आएको आयोजनाले जनाएको छ ।

इन्जिनीयरिङ, खरीद तथा निर्माण (इपिसी) मोडेलमा आयोजना निर्माणका सुइफा एएनएचई ग्रुप कम्पनीसँग २९ माघ २०७४ मा ठेक्का सम्झौता भएको थियो । ठेकेदार कम्पनीले आयोजनाको सिभिल, इलेक्ट्रोमेकानिकल र हाइड्रोमेकानिकलतर्फका सम्पूर्ण संरचना र उपकरणको डिजाइन, निर्माण, जडान तथा सञ्चालन गर्नेछ ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली '३ए' जलविद्युत् आयोजनाको क्यास्केड आयोजना भएकाले माथिल्लो त्रिशूली '३बी'ले बाँध, बालुवा थिग्र्याउने पोखरी (डिसेन्डर)लगायतका संरचना बनाउनुपर्नेछैन ।

माथिल्लो त्रिशूली '३ए' को विद्युत्गृहबाट विद्युत् उत्पादनपश्चात् निस्किएको पानीलाई आयोजनाको सुरुङमा पठाउन आवश्यक पर्ने गेट जडान गरिसकिएको छ । उत्पादित विद्युत् हाल सञ्चालनमा रहेको समुन्द्रटार–त्रिशूली '३बी' हब प्रसारण लाइनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह हुनेछ ।

**शेयरबापतको बाँकी रकम छिट्टै सङ्कलन**

आयोजनाको प्रवर्द्धक त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडले जनताको जलविद्युत् कार्यक्रम अन्तर्गत निष्कासन गरेको शेयरबापतको बाँकी रकम छिट्टै सङ्कलन गर्ने भएको छ ।

कम्पनीले सर्वसाधारणका लागि ३७ लाख पाँच हजार कित्ता शेयर निष्कासन गरी प्रतिशेयर रु १०० अङ्कित मूल्यको न्यूनतम १० प्रतिशतले हुने रु १० मात्र सङ्कलन गरेको थियो । जनताको जलविद्युत् कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ शेयरबापत चुक्ता गर्न बाँकी रकम आयोजनाको ५० प्रतिशत भौतिक प्रगति र कम्पनीका संस्थापक समूहका शेयरधनीले लिन कबुल गरेको शेयरबापतको रकम सबै चुक्ता गरेपछि मात्र भुक्तानी माग गर्नुपर्ने व्यवस्था छ ।

"कार्यविधिमा भएको व्यवस्था पूरा भइसकेकाले शेयरधनीले चुक्ता गर्न बाँकी रु ९० सङ्कलनका लागि छिट्टै आह्वान गरिनेछ । साथै सर्वसाधारण समूहमा रहेका अन्य शेयर पनि निष्कासन प्रक्रिया अघि बढाइनेछ," प्रबन्ध सञ्चालक गौतमले भने ।

आयोजनाका प्रवर्द्धक त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडमा प्राधिकरण र नेपाल टेलिकमको ३०/३० प्रतिशत संस्थापक शेयर छ । कम्पनीमा रसुवा तथा नुवाकोटका गाउँपालिका र नगरपालिकाको पाँच प्रतिशत, रसुवा तथा नुवाकोटका स्थानीय वित्तीय संस्थाको पाँच, रसुवा तथा नुवाकोटवासीको १०, सर्वसाधारणको १५ र प्राधिकरण तथा टेलिकमका कर्मचारीको पाँच प्रतिशत शेयर रहनेछ ।

अनुमानित निर्माण लागत रु सात अर्ब ४४ करोड रहेको आयोजनाको निर्माण अवधिको प्रक्षेपित ब्याज रु ७८ करोड छ । आयोजनामा ३० प्रतिशत इक्विटी (रु दुई अर्ब ४७ करोड) र ७० प्रतिशत ऋण (रु पाँच अर्ब ७६ करोड) बाट लगानी जुटाइएको छ ।

आयोजनाबाट सुख्खायाममा (मङ्सिर १६ देखि जेठ १५ गतेसम्म) १३ करोड ४८ लाख ८० हजार र वर्षायाममा (जेठ १६ देखि मङ्सिर १५ गतेसम्म) १५ करोड ७७ लाख १० हजार युनिट विद्युत् उत्पादन हुनेछ ।

# एमाले जीतपुरसिमराको अधिवेशन चैत १२ गते हुने

प्रस, जीतपुर, २५ फागुन/

नेकपा एमाले जीतपुरसिमरा उपमहानगर कमिटीको बुधवार सम्पन्न बैठकले प्रथम अधिवेशन चैत १२ गते सिमरामा गर्ने निर्णय गरेको छ ।



तस्वीरः प्रतीक

बैठकले अधिवेशनमा प्रत्येक वडाबाट सदस्य, प्रतिनिधि सहभागी गराउने निर्णय गरेको छ । बैठकका प्रमुख अतिथि एमाले पोलिटब्युरो सदस्य तथा मधेस प्रदेशका सहइन्चार्ज पुरुषोत्तम पौडेलले अबको निर्वाचनमा गठबन्धन मिलेर आए पनि एमालेलाई कसैले हराउन नसक्ने ठोकुवा गरे । उनले एमालेले नै जनताको पक्षमा काम गरेको हुनाले एमालेले जनताको मन जितेको बताए ।

पोलिटब्युरो सदस्य तथा मधेस प्रदेशका सहइन्चार्ज अच्युत मैनालीले एमालेविरोधी गतिविधि गर्नेहरूलाई जनताले नछाड्ने र निर्वाचनमा धूलो चटाउने बताए ।

पोलिटब्युरो सदस्य तथा मधेस प्रदेशका सहइन्चार्ज ज्वाला साहले जनताको अधिकार स्थापनाका लागि एमालेको महत्त्वपूर्ण भूमिका भएको बताइन् । उनले प्राप्त उपलब्धि रक्षा गर्न सबै लाग्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा नेकपा एमाले बाराका अध्यक्ष विनोद साह, नेता मनोज पौडेललगायतले मन्तव्य राखेका थिए । उपमहानगर सङ्गठन कमिटीका संयोजक भोला अधिकारीको अध्यक्षतामा बसेको बैठकको सञ्चालन वरुण गौतम, स्वागत भरत घले र धन्यवाद ज्ञापन अमृतलाल श्रेष्ठले गरेका थिए ।

# पत्नीलाई प्रताडित गर्ने पतिसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २५ फागुन/

शरीर बन्धक, ज्यान मार्ने उद्योग तथा सामूहिक जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

फागुन ९ गते धोबिनी गाउँपालिका–५ बस्ने शेराजुल मियाँ र उनकी कान्छी पत्नी जोहरा खातुनले सौता (सेराजुलकी जेठी पत्नी)लाई कुटपिट गरी कोठामा बन्धक बनाउनुका साथै गुप्ताङ्गमा चोटपटक लगाएको प्रहरीले जनाएको छ । घटनापछि फरार भएका सेराजुल र जोहरालाई प्रहरीले मङ्गलवार पक्राउ गरी अनुसन्धान शुरू गरेको जिप्रका, पर्साले जनाएको छ ।

# डेङ्गुको निश्शुल्क पिसिआर परीक्षण

काठमाडौं, २५ फागुन/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जिका, डेङ्गु र चिकनगुनिया रोगको निश्शुल्क पिसिआर परीक्षण शुरू गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट निश्शुल्क पिसिआर परीक्षण शुरू गरिएको जानकारी दिए । उनले लक्षण देखिएका व्यक्तिलाई परीक्षण गराउन आग्रह गरे ।



यस अघि कोरोना भाइरसको सङ्क्रमणको पनि निश्शुल्क परीक्षण गरिएको थियो । प्रयोगशालाका प्रवक्ता राजेश गुप्ता विदेशबाट आएका लक्षण भएका बिरामी र चिकित्सकले सिफारिश गरेपछि निश्शुल्क पिसिआर परीक्षण गर्ने गरेको बताए ।

तीनवटै रोग लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । एक्कासि ज्वरो आउने, थकाइ महसूस हुने, जोर्नी अत्यधिक दुख्ने, वाक्वाकी लाग्ने तथा टाउको, मांसपेशी दुख्नेजस्ता लक्षण देखिने गर्छ ।

दिउँसो सुत्दा पनि झुल टाँगेर सुत्ने, घरको झ्याल–ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, सकेसम्म जति बेला पनि लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गर्न आग्रह गरिएको छ ।

# सुनको मूल्यमा नयाँ रेकर्डः तोलाको रु एक लाख पाँच हजार ५००

काठमाडौं, २५ फागुन/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य एकै दिन प्रतितोला रु दुई हजार ५०० ले बढेर रु एक लाख पाँच हजार ५०० पुगेको छ । केही दिनदेखि बढिरहेको सुनको कारोबार मूल्य आज नेपाली बजारमा हालसम्मकै उच्च बिन्दुमा पुगेको हो । पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु एक लाख तीन हजारमा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख पाँच हजार तोकिएको छ । जसको मूल्य मङ्गलवार प्रतितोला रु एक लाख दुई हजार ५०० थियो । त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु ४० ले बढेर रु एक हजार ४५० पुगेको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा



सुन तथा चाँदीको मूल्यमा हुने उतारचढावका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोकिँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस दुई हजार ५० डलर आसपास कारोबार भइरहेको छ ।

# पानी व्यवस्थापनमा बढी समय खर्चन बाध्य छन् महिला

काठमाडौं, २५ फागुन/रासस

जलवायु परिवर्तनका कारण महिलाले पानी सङ्कलन गर्नकै लागि बढी समय खर्चनुपर्ने अवस्था आएको विज्ञले बताएका छन् । त्रिभुवन विश्वविद्यालय अलुम्नाई एसोसिएशनद्वारा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा 'महिला तथा पानीसम्बन्धी परम्परागत ज्ञान' विषयक बेबिनारका वक्ताले विश्वभर प्रत्येक दिन पानीकै लागि महिलाले २६ करोड ६० लाख घण्टा खर्चनुपरेको जानकारी दिए ।

पानीको मुहान सुक्दै गएको तथा प्रदूषणका कारण नदी र खोलाको पानी खानयोग्य नभएको अवस्थामा पानी सङ्कलन, उपयोग र व्यवस्थापनकै लागि महिला, बालबालिका र विशेषगरी छात्राको समय बढी खर्च हुँदा विद्यालयको अध्ययनबीचमैं छोड्नुपर्ने बाध्यतासमेत बढेको विश्लेषण उनीहरूको थियो ।

अमेरिकाको रोडे आइसल्यान्ड विश्वविद्यालयका एसोसिएट प्राध्यापक सोनी मुल्मी प्रधानाङ्गले विज्ञान गणित प्रविधि (स्टिम)लगायत विषयको अध्ययनका लागि विश्वभर नै महिलाको रुचि कम हुने गरेको जानकारी दिइन् । स्टिम विषयको अध्ययन गर्न छात्रालाई प्रेरित नगर्ने परम्परा विश्वभर नै रहेको जनाउँदै उनले कामकाजी महिलामध्ये ७५ प्रतिशत पाँच प्रकारका पेशामा मात्र केन्द्रित रहेको र अनुसन्धानात्मक लेख प्रकाशन गर्नेमा समेत महिलाको सहभागिता ३० प्रतिशत भन्दा कम रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो । घरपरिवार तथा बालबच्चाको जिम्मेवारी सम्हाल्नुपर्ने कारणले महिलाहरू स्टिमतर्फ आकर्षित नहुने गरेको अवस्थामा विद्यालय


तस्वीरः सौजन्य

तहदेखि नै छात्राहरूलाई स्टिम शिक्षातर्फ आकर्षित गर्नुपर्ने उनको भनाइ थियो ।

त्रिविविका प्राध्यापक सुदर्शनराज तिवारीले पाँचौं शताब्दीमा किराँतकालमैं काठमाडौं उपत्यकाका शहरमा पानी आपूर्ति गर्नका लागि सार्वजनिक धारा 'हिटी', पोखरी बनाउने र लिच्छवीकाल र मल्लकालमासमेत विस्तार गरिएको बताए । यस बखत वर्षभरि पानी उपलब्ध गराउन जमीन पुनर्भरण गर्ने व्यवस्था गर्नुका साथै फोहर पानी विसर्जनका लागि 'इटीपोखरी' बनाइएको चर्चा गर्दै उनले पानीको मुहान संरक्षण, वन–जङ्गल संरक्षण तथा रूख कटानका सम्बन्धमा कडा मापदण्ड बनाइएको पनि उल्लेख गरे ।

त्रिवि अलुम्नाई एसोसिएशनका अध्यक्ष प्राध्यापक सुनीति श्रेष्ठले नेपाली समाजमा विद्यमान पँधेरा–संस्कृति हराउँदै जाँदा महिलाले सामूहिक भेटघाट गर्ने, मनका कुरा तथा सुख, दुःखका विषय साटासाट गर्ने परम्परासमेत लोप हुन थालेको बताइन् ।

बेबिनारमा नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोफ्टले जलवायु परिवर्तनका साथै कृत्रिम बौद्धिकता तथा प्रविधि रूपान्तरणकै कारण महिला थप समस्यामा पर्न लागेको बताउँदै परम्परागत ज्ञान र सीपको संरक्षण गर्नु चुनौतीपूर्ण रहेको बताए ।

सो अवसरमा प्राध्यापक ऋदिश पोखरेल, डा धीरज प्रधानाङ्गलगायत अन्य वक्ताले पानीकै लागि नेपाली महिलाले धेरै समय खर्च गर्नुपर्दा अन्य उत्पादनशील कार्यमा ध्यान दिन नसकेको चर्चा गरे ।

# डम्फू र झ्यालीबाट फागुको स्वागतः जोगिरा जोगाउन माग

–सञ्जीतकुमार मण्डल
जलेश्वर, २५ फागुन/रासस

**'जोगिरा सररर, जोगिरा सररर'**
**'मिथिला में राम खेलैया होली, मिथिला में मिथिला में हो, मिथिला में हो, मिथिला में'**
**'किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबीर झोली, मिथिला में'**
**'सीताजीके सोभे पियरी पीतम्बर, रामजीके हाथ अबीर झोली**
**हो मिथिला में, मिथिला में राम खेलैय होली, मिथिला में'**
**'जोगिरा सररर, जोगिरा सररर'**
**'रङ्ग बरसे भिगे चुनरबाली रङ्ग बरसे, हो रङ्गबरसे भिगे चुनरवाली रङ्ग बरसे ।'**

जलेश्वर नगरपालिका–८ बजराहीका ५० वर्षीय रामदेव महरा दुई–तीन दिनदेखि साँझ पर्नेबित्तिकै उत्तरवारी टोलबाट हातमा डम्फू र झ्याली समातेर चोक पुग्छन् । पछियारी टोलबाट ५५ वर्षीय अरुण पाण्डे, पूर्वारीटोलबाट ६० वर्षीय रामबाबू चौधरी र दक्षिणवारी टोलबाट ४५ वर्षीय पवित्तर साहसहित अन्य व्यक्ति आआफ्ना घर–टोलबाट आएर चोकमा जम्मा हुन्छन् ।

तराई–मधेसमा अहिले होली पर्व आउन नौ दिन मात्रै बाँकी रहँदा साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फू र झ्याली बज्न थालेको छ भने चारैतिर जोगिराका धुन सुन्न लागिएको छ । चारैदिशाबाट टोलका चोकमा सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्न यसरी जम्मा हुँदैनन् । बरु आपसी भाइचारा, प्रेम, सद्भाव, सुखदुःख साटासाट गर्न तथा पुस्तौंदेखि चलिआएको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि अहिले दैनिक मानिसहरू साँझतिर जम्मा हुने गरेका छन् ।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मन मुग्ध पार्ने फागुका गीत सुनिन थाल्छ । होलैया (जोगिरा गायक) ले एकै स्वरमा लय हालेर गाएको जोगिरा सुन्दा बजराहीका टोल–टोलका आआफ्ना घर–आँगनमा बसिरहेका जोकोही प्रसन्न हुन्छन् । होलैयाले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फू, झ्यालीलगायत बाजा लिएर विभिन्न धुन र सङ्गीत सिर्जना गर्दै शुरू गरेको जोगिरा राति ११/१२ बजेसम्म चलिरहन्छ ।

विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो, ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्छ । जोगिराका क्रममा हुने नाच र गानमा समेत धेरैजना सहभागी हुने गरेको होलैया जानकी ठाकुर बताउँछन् ।



बजराहीको निकै चर्चित जोगिराटोलीमा हिन्दू र मुसलमान दुवै समुदायको समावेशिता रहन्छ । हिन्दूका पर्वमा मुसलमान सहभागी नहुने र मुसलमानका पर्वमा हिन्दूले चासो नदिने सामान्य चलन रहे पनि महोत्तरीको सदरमुकाम जलेश्वरको बजराहीमा धार्मिक, सांस्कृतिक–सामाजिक एकलकाटेपन हटाइएको छ । यहाँ वर्षौंदेखि मुसलमानहरू हिन्दूका पर्वमा र हिन्दू मुसलमानका चाडमा सँगसँगै हुन्छन् ।

बजराहीमा जोगिराको रङ चढेर धुम मचाइरहेका बेला जलेश्वर–७ अनकारमा पनि बर्सेनि जोगिराले धुम मचाउने गर्छ जसमा सर्वसाधारणसहित जनप्रतिनिधि पनि उत्साहपूर्वक सहभागिता जनाउँछन् । वडा नं ७ का वडाध्यक्ष रामछविला यादव स्वयं होलैया हुन् । अहिले वडामा पनि फागुनका अवसरमा जोगिरा गाउनकै लागि युवाहरू देश परदेशबाट आआफ्ना टोल फर्किएका छन् । जोगिराको धुनले अहिले रातभरि गाउँलेलाई नसुत्ने बनाएको स्थानीयवासी बताउँछन् ।

तराई–मधेससहित सम्पूर्ण देशकै लागि खुशी र उमङ्गको पर्व फागुलाई निम्ता दिन तीन दिनदेखि वडा नं ७ मा ५० भन्दा बढी युवा, वयस्क तथा वृद्धसमेतको संयुक्त टोलीले जोगिरा गाएर पूरै वडालाई सङ्गीतमय बनाएको स्थानीयवासी देवेन्द्र कापडले बताए । स्थानीयवासी शङ्कर कापडका अनुसार वडाका घरघरमा अहिले कतिबेला साँझ पर्ला र होलैया आएर जोगिरा शुरू गर्लान् भन्ने प्रतीक्षामा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धा बसेका हुन्छन् ।

सम्पूर्ण मिथिलाञ्चलवासीलाई मन पर्ने जोगिरा जलेश्वरमा मात्रै सीमित नभएर पिपरा गाउँपालिका–७ बनौलीमा पनि निकै धुमधामका साथ गाइने तथा सुन्ने गरिएको स्थानीय सञ्चारकर्मी एवं होलैया ६५ वर्षीय वैद्यनाथ चौधरी बताउँछन् ।

स्थानीयवासी सुनील ठाकुर सो गाउँमा पनि परम्पराकालदेखि जोगिरा गाउने प्रचलन रहेको र यसमा कुनै उमेर समूहले बाधा नपार्ने बताउँछन् । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदरसत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको ठाकुर बताउँछन् ।

कवि कोकिल विद्यापतिको जन्मथलो सो गाउँमा तीनचार दिनदेखि राति होलैयाको भीडले मेला जस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै गुञ्जमान हुने गरेको स्थानीयवासी रामशोभित मण्डल बताउँछन् । जोगिराकै धुनमा अहिले मनरासिस्वा नगरपालिका–९ बथनाहा गाउँ पनि रङ्गिएको स्थानीय राजनीतिकर्मी चन्दन दुबेले बताए । उनले अहिले बथनाहामा पनि कति बेला साँझ पर्ला भन्दै स्थानीय बासिन्दा प्रतीक्षामा हुन्छन् ।

स्थानीयवासी ललिन्द्र दुबे, समिर राय, भोगी कापडसहित थुप्रै होलैयाले ढोल बजाउन, झ्याली पिट्न, हार्मोनियम बजाउन र गीत गाउन शुरू गरेपछि बथनाहा गाउँ गुञ्जायमान हुने गरेको छ । राति अबेरसम्म चलिरहने गीतसङ्गीत र हाँसोठट्टाले दैनिक फागु चलिरहेको आभास गराउने गरेको स्थानीय सुधीर राय बताउँछन् ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका प्रत्येक गाउँ–टोलमा फागुन २० गतेदेखि नै प्रत्येक राति ढोल, तासा, मृदङ्ग, डम्फू, झ्यालीलगायत बाजागाजाका साथ जोगिरा गाउन शुरू भएको छ । अहिले नेपालका धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा आदि तथा भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा शुरू भएको छ ।

जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेका बेला जोगिरा गाउनकै लागि अहिले युवा तथा वयोवृद्धलाई घरघरबाट तानेर ल्याइने जलेश्वर–२ का गोरेबाबा साह बताउँछन् । उनले जोगिराले एकापसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकोले राति पनि गाउँका चोक–चोकमा ठूलो सङ्ख्यामा भेला भएर जोगिरा गाउने गरेको बताए ।


प्रायः फागु पर्वभन्दा १५ दिन पहिले शुरू हुने जोगिरा गायन मिथिलाञ्चलका प्रत्येक गाउँटोलमा तीनचार दिनदेखि शुरू भइसकेको छ जुन पर्वको एक दिन पहिलेको रातिसम्म गाइने चलन छ । भारतका बिहार र उत्तर प्रदेश राज्यसँग टाँसिएको सम्पूर्ण मिथिलाञ्चलमा पछिल्लो समयमा भोजपुरी भडकिलो गीत, खुला मदिरा व्यापार र चर्को ध्वनि बजाइने डिजे बाजाको प्रभावले जोगिरालाई कतैकतै खलल पुऱ्याउने कामसमेत हुने गरेको रामगोपालपुर नगरपालिका–७ का होलैया अनिरुद्ध मण्डलले बताए । "स्थानीयवासीले एकजुट भएर एकै लय र स्वरमा आआफ्ना भाषा, सङ्गीत र शब्दमा गाउने जोगिराले परम्परा झल्काउने, सद्भाव बढाउने र जोगिरासमेतलाई संरक्षण गर्न ठूलो मदत मिलेको बेला भोजपुरी अश्लील भडकिला गीत, डिजे बाजाको चर्को आवाज र मदिरा सेवनकर्ताको होहल्लाबाट भाँड्ने प्रयास हुँदा नरमाइलो हुने गरेको छ"–उनले गुनासो पोखे ।

जलेश्वर–११ का जोगिरा रामछविला बिच्छाले परापूर्वकालदेखि चलिआएको जोगिरा गायनले सुरक्षा र संरक्षण पाउनुपर्ने भन्दै गाउने बेलामा स्थानीय नगरपालिका तथा गाउँपालिकाका नगर प्रहरीले सुरक्षा दिनुपर्ने र नेपाल प्रहरी टोलीले गाउँगाउँ र बस्तीबस्तीमा गश्ती बढाउनुपर्ने माग गरे । उनले भने–"अहिले गाउँगाउँमा रातिको बेला जोगिरा गायनको बेला स्थानीय बुद्धिजीवी र युवाहरूले पनि समूह बनाएर खबरदारी तथा सुरक्षा गर्नु जरूरी छ ।"

आधुनिकताका नाउँमा जोगिरा गायनमाथि भोजपुरी द्विअर्थी, अश्लील र भडकिला गीत, डिजेको चर्को आवाज र खुला मदिरा बिक्री वितरणलाई फागुको एक दिन अघिसम्म प्रतिबन्ध लगाइनुपर्ने जोगिरा जगेर्नाका लागि समय समयमा विभिन्न अभियान सञ्चालन गरिरहेका जलेश्वर– १ का होलैया महादेव दास बताउँछन् ।

मिथिलाञ्चलका गाउँटोलमा रहेका मठ, मन्दिर, चौतारा, पाटीपौवा, दोबाटो, चौबाटो अहिले सङ्गीतमय बनेका बेला मिथिलामा विभिन्न देवीदेवताको रात्रि आगमनसमेत हुने गरेको मटिहानी नगरपालिका–७ का होलैया एवं राजनीतिकर्मी राजकिशोर मण्डल बताउँछन् । जोगिराको संरक्षण, संवर्द्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनुपर्ने कुरामा उनले जोड दिए ।

'जोगिरा' मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति रहेको नेपाल पत्रकार महासङ्घ महोत्तरीका अध्यक्ष कमलेश मण्डल बताउँछन् । इतिहास र पूर्वजको सम्मान तथा भविष्य एवं हाम्रा सन्ततिका लागि भए पनि जोगिराको संरक्षण गर्नुपर्ने उनको धारणा छ । "प्रत्येक मिथिलावासी, स्थानीय तह, जनप्रतिनिधि, सुरक्षा निकाय र धार्मिक, सांस्कृतिक एवं पुरातत्त्वसम्बन्धी निकाय पनि होली र मौलिक परम्परा बचाउन उत्तिकै उत्तरदायी तथा जवाफदेह बन्नुपर्छ"–उनले भने ।



**त्रिवेणीधामः** नवलपरासी जिल्लामा प्रसिद्ध प्राचीन ऐतिहासिक श्री भक्तेश्वर शिवालय मन्दिर र नदीहरूको मिलनबिन्दु 'तमासा, सोना र सप्तगण्डकी नदीहरूको सङ्गमस्थल त्रिवेणीधाम नदी । यस नदीमा माघमा लाग्ने माघेऔंसीको मेलामा नेपाल र भारतका भक्तजनहरूको घुइँचो लाग्ने गर्छ । साथै यस नदीको आधा भाग नेपाल र आधा भाग भारतको बिहार राज्यमा पर्छ । तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### जापानको रक्षक

जापानको तल एउटा पहाडजस्तो ढुङ्गा भेटिएको छ । यो ढुङ्गाले दक्षिणी जापानलाई भूकम्पको लहरबाट जोगाउँछ । अर्थात् भूकम्पको दुष्प्रभावलाई जापानसम्म पुग्न रोक्छ । यस पहाडको नाम कुमानो प्लुटोन हो ।

जापानको प्रायद्वीपको तलतिर रहेको यस पहाडको उचाइ करीब ५ किलोमिटर



छ । कुमानो प्लुटोन महाद्वीपीय युरेशियन प्लेटको माथिल्लो लेयरमा छ । यहींबाट हुँदै फिलिपिन प्लेट धर्तीको मेन्टलतर्फ झुन्डिएको छ । जसलाई सबडक्शन भनिन्छ । नयाँ अध्ययन अनुसार कुमानो प्लुटोनले फिलिपिन प्लेटको हलचललाई दबाउँछ जसले गर्दा भूकम्पको असर जापानको माथिल्लो भागमा पर्दैन ।

जापानमा सन् १९४० मा दुईवटा ठूलो भूकम्प आएको थियो, जसको केन्द्र कुमानो प्लुटोनको ठीक तल थियो । दुवै भूकम्पबाट निस्किएको लहर दुई अलग–अलग दिशामा पुगेका थिए तर यसको बावजूद यो पहाड टुक्रिएन, न आफ्नो ठाउँबाट सऱ्यो, जहाँको त्यही रह्यो । न्युजिल्यान्डको जिएनएस साइन्समा मरिन जियोफिजिसिस्ट यस अध्ययनका सहलेखक डैन बैसेटले भने–हामीलाई अनुमान थिएन कि कुमानो प्लुटोनलाई किन कुनै भूकम्पले हल्लाउन सकेन । वा यस क्षेत्रमा आएपछि भूकम्पको मजबूती नष्ट हुन्छ । यसले जापानमा भूकम्पबाट पर्ने चिरालाई रोक्छ, यसलाई न्युक्लिएशन प्वाइन्ट भनिन्छ ।

कुमानो प्लुटोन एउटा न्युक्लिएशन प्वाइन्टमा मौजूद छ भने यसले समुद्री पानी मेन्टलमा जाने प्रक्रियालाई पनि नियन्त्रित गर्छ । फिलिपिन ओशिएनिक प्लेटले कुमानो प्लुटोनको तल निकै धारिलो गहिराइ निर्माण गर्छ । तर त्यो यस पहाडको भारले थिचिएको छ । यसैले सबडक्शन जोनमा बढी चिरा पर्छ, तर यसलाई मास्तिर आउन दिंदैन । यद्यपि मैन्टलमा बढी समुद्री पानी पुगेपछि ज्वालामुखी विस्फोट बढ्छ । फिलिपिन प्लेट युरेशियन प्लेटको तल हरेक वर्ष १.७८ इन्चको दरले सरिरहेको छ । यसैलाई सबडक्शन भनिन्छ । यसैको कारण भूकम्प आउँछ, ज्वालामुखी विस्फोट हुन्छ । वैज्ञानिक सिसमिक मोनिटर्स यानि भूकम्पीय लहरलाई बुझेर पानीको तल र सबडक्शन जोनको तल मौजूद आकृतिको आकार र त्यसको व्यवहार बुझ्ने प्रयास गरिरहेका छन् ।

जापानी तटहरूमा दुनियाँभरिका वैज्ञानिकहरूले अध्ययन गर्छन् । यहाँ सबैभन्दा बढी निगरानी राखिन्छ । जापानी एजेन्सी फर मरिन–अर्थ साइन्स एन्ड टेक्नोलोजीले ननकाई ट्रो क्षेत्रमा थुप्रै समुद्री मनिटर्स राखेका छन् । यहाँ निकै बढी मात्रामा बोरहोल सिस्मोमिटर्स लगाइएको छ जसले भूकम्पको हलुका लहर पनि तुरून्त पत्ता लगाउन सक्छ ।

डैन बैसेट भन्दछन्– हामीले कुमानो प्लुटोनको फोटो लिएका छैनौं, न त्यस स्थानको खोज नै गरेका छौं । हामीले केवल यसको कारणबाट हुने फाइदा, परिवर्तनको अध्ययन गरेका छौं । कुमानो प्लुटोनबारे दुनियाँका वैज्ञानिकलाई सन् २००६ पछि जानकारी भयो । तर अहिलेसम्म यसको आकारको सही तस्वीर कसैसँग छैन । केवल हामीसँग यस विशालकाय ढुङ्गाको सटीक तस्वीरको थ्रीडी नक्शा छ ।

डैनले भने साधारणतया सबडक्शन जोनको अध्ययनको दौरान वैज्ञानिकहरू प्लेट्सको आकारको अध्ययन गर्छन् । तर यस कुराको अध्ययन गर्दैनन् कि त्यो प्लेट वा सबडक्शन जोन कुन चीजको तल वा माथि टिकेको छ । सन् १९४४ मा ८.१ रेक्टर तीव्रताको भूकम्प कुमानो प्लुटोनको किनारमा आएको थियो जसले गर्दा उत्तर–पूर्व जापानको भागमा कम्पन भएको थियो । दुई वर्षपछि ८.६ रेक्टर तीव्रताको भूकम्प आएको थियो । यो पहिले आएको भूकम्प नजीकै आएको थियो तर यो दक्षिण–पश्चिमतर्फ गएको थियो ।

डैनले भने दुवै भूकम्प कुमानो प्लुटोनबाट दुई अलग–अलग दिशामा यात्रा गरे । जबकि भूकम्पको असर चारै दिशामा बराबर हुन्छ । यो भन्न सजिलो छैन कि कुनै भूकम्प कुनै एक दिशामा नै अगाडि बढ्छ । तर कुमानो प्लुटोनले जापानको लागि एउटा रक्षकको जस्तो काम गर्छ । यसले भूकम्पलाई रोक्छ । त्यसैकारण जापानको जमीन कम हल्लिन्छ । यो अध्ययन हालै नेचर जियोसाइन्स जर्नलमा प्रकाशित भएको छ ।

### गाईको दूधले कोरोनाबाट बचाउँछ

कोरोनाबाट गाईको दूधले बचाउने विज्ञहरूले जनाएका छन् । गाईको दूधले इम्युनिटी बढाउनुको साथै हाड पनि बलियो बनाउँछ । दिमाग तेज गर्नुको साथै काम गर्ने क्षमता पनि वृद्धि गर्छ । गाईको दूधमा एउटा यस्तो प्रोटीन हुन्छ जसले कोरोना भाइरसलाई रोक्न सक्छ । यो प्रोटीनले मान्छेको शरीरमा कोरोना सङ्क्रमण फैलिनबाट रोक्छ ।



यस प्रोटीनले सार्स कोभ–२ भाइरसको टारगेट सेल्स यानी लक्षित कोशिकामा प्रवेश गर्नबाट रोक्छ, त्यस्तै कोरोना भाइरसविरूद्ध लड्न पनि मदत गर्छ । इन्टरनल मेडिसिन डिपार्टमेन्टका चिफ इन्वेस्टिगेटर जोनाथन सेक्सटनले भने, ह्युमन क्लिनिकल ट्रायलको दौरान बोवाइन लैक्टोफेरिनमा एन्टिभाइरल एक्टिभिटी देखिएको थियो । उदाहरणको लागि बोवाइन लैक्टोफेरिन भएको औषधि भाइरल सङ्क्रमणको गम्भीरतालाई कम गर्छ । यसमा रोटाभाइरस, नोरोभाइरस सामेल छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## खडेरीका कारण इथियोपियामा आठ लाख ४५ हजार मानिस विस्थापित

संयुक्त राष्ट्रसङ्घ २५ फागुन/सिन्हवा

इथियोपियामा खडेरीका कारण ठूलो



तस्वीरः सिन्हवा

सङ्ख्यामा नागरिक विस्थापित भएका छन् । साथै यहाँका लाखौं पशु-चौपाया पनि मरेको बताइएको छ । संयुक्त राष्ट्रसङ्घले सो कुराको जानकारी दिएको हो। संयुक्त राष्ट्रसङ्घका अनुसार यहाँका ८ लाख ४५ हजार मानिस विस्थापित भएका छन् । उनीहरू खडेरीका कारण खाद्यान्न खोज्ने क्रममा विस्थापित हुन पुगेका संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

राष्ट्रसङ्घीय प्रवक्ता स्टेफान डुजारिकले इथियोपिया सरकारले यसका लागि काम त गरिरहेको छ तर नागरिक विस्थापित हुने र त्यहाँबाट खाद्यान्न र आश्रयका लागि अन्यत्रै जान लागेका बताएका छन् । उनले यहाँका १५ लाखभन्दा बढी पशु-चौपाया पनि मरेको जानकारी दिएका छन् । संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले काम गरिरहेको तर आवश्यक मात्रामा सहयोग पुऱ्याउन नसकिएको पनि राष्ट्रसङ्घले जनाएको छ ।

साथै संयुक्त राष्ट्रसङ्घले यहाँका कतिपय स्थानमा मानवीय सहायता वितरण भइरहेको भए पनि सो पर्याप्त नभएको बताएको छ । इथियोपियाका अधिकांश क्षेत्रमा खडेरीको प्रभाव परिरहेको भन्दै यहाँका ४० लाखभन्दा बढी नागरिक प्रभावित भएको बताएको छ । रासस

## रूसमाथि प्रतिबन्धका कारण विश्वव्यापी तेल अभाव हुने चेतावनी

हयूस्टन, २५ फागुन/सिन्हवा

रूसमाथिको थप प्रतिबन्धका कारण विश्वले पेट्रोलियम पदार्थको अभावको सामना गर्नुपर्ने पेट्रोलियम पदार्थ निर्यात गर्ने मुलुकहरूको सङ्गठन (ओपेक)का प्रमुखले मङ्गलवार चेतावनी दिएका छन्।

पेट्रोलियम पदार्थ निर्यातको रूसको हिस्सालाई बदल्न नसकिने र रूसमाथि लगाइने प्रतिबन्धको प्रत्यक्ष असर यस क्षेत्रले सामना गर्ने ओपेकका महासचिव मोहम्मद बार्किन्डोले बताए ।

उनले अमेरिकी राज्य टेक्सासको हयूस्टनमा सीरावीक विश्वव्यापी ऊर्जा मञ्चमा भने, “यहाँ खतरामा परेको मुद्दा यी अनुमान गरिएका अभावहरू पूरा गर्न विश्वको क्षमता हो ।”

रूसले दैनिक ७० देखि ८० लाख ब्यारेल तेल निर्यात गर्दै आएको उल्लेख गर्दै बार्किन्डोले युक्रेन सङ्कटमाथि वित्तीय प्रतिबन्ध अन्तर्गत यस्तो तेल निर्यात गर्न असम्भव छ ।

यी प्रतिबन्धलाई उनले विश्वले अहिलेसम्म सम्भवतः अन्य कुनै पनि देशमा नदेखेको सबैभन्दा गम्भीर समस्या भनेका छन् ।



तस्वीरः एजेन्सी

उनले भने, “आज बिहानसम्म तेलको अभाव देखिएको छैन, तर रूसमा वित्तीय प्रतिबन्धबीच दिनमा ७० देखि ८० लाख ब्यारेल तेल उत्पादन र निर्यात गर्न जादुमयी विकल्पको आवश्यकता रहन्छ।”

बार्किन्डोले राष्ट्रसङ्घको लक्ष्य अनुरूप सबैलाई भरपर्दो, सस्तो र स्वच्छ ऊर्जाको पहुँचको अधिकार भएको उल्लेख गर्दै भने, “तेल र भूराजनीतिबीचको रेखा पातलो हुँदै जाँदा पनि हामी ऊर्जालाई राजनीतीकरण गर्न सक्दैनौं ।”

संयुक्त राज्य अमेरिकाले साउदी अरबपछिको विश्वकै दोस्रो ठूलो तेल निर्यातकर्ता रूसबाट ऊर्जा आयातमा प्रतिबन्ध लगाउने घोषणा गरेपछि अन्तर्राष्ट्रिय बजारमा मङ्गलवार फेरि तेलको मूल्य बढेको छ ।

ब्लूमबर्ग रिपोर्ट अनुसार फेब्रुअरीमा युक्रेन-रूस युद्ध शुरू भएपछि भविष्यको बजारमा तेलको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ । रासस

## चिनियाँ र पाकिस्तानी विदेशमन्त्रीबीच फोनवार्ता

बेइजिङ, २५ फागुन/सिन्हवा

चिनियाँ र पाकिस्तानी



विदेशमन्त्री साश मोहमद कुरेशी र वाङ यी

विदेशमन्त्रीबीच फोनवार्ता भएको छ । चिनियाँ विदेशमन्त्री वाङ यी र पाकिस्तानी विदेशमन्त्री साश मोहमद कुरेशीबीच फोनवार्ता भएको बताइएको छ । उनीहरूबीच मङ्गलवार फोनमा कुराकानी भएको चिनियाँ सञ्चारमाध्यमहरूले जनाएका छन् ।

फोनवार्ताका क्रममा चिनियाँ विदेशमन्त्री यीले हालै पाकिस्तानको पेशावरमा भएको आतङ्ककारी हमलाको कडा शब्दमा निन्दा गरेको बताइएको छ। त्यस्तै, उनीहरूबीच चीन-पाकिस्तान द्विपक्षीय सम्बन्धका साथै अन्य सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको थियो ।

त्यस वार्ताका क्रममा पाकिस्तानी प्रधानमन्त्री इमरान खानले हालै गरेको चीन भ्रमण र त्यहाँ उनी बेइजिङ ओलम्पिकमा सहभागी भएको विषयमा पनि कुराकानी भएको थियो । रासस

स्वच्छ परिवार,
सुखको आधार ।

वीरगंज महानगरपालिका

### आजको राशिफल

| | |
|---|---|
| मेष — अतिथिआगमन | वृष — सुयश |
| मिथुन — व्यर्थभ्रमण | कर्कट — धनलाभ |
| सिंह — सफलता | कन्या — राज्यलाभ |
| तुला — रोगभय | वृश्चिक — व्यापारवृद्धि |
| धनु — शत्रुपराजय | मकर — सुसमाचार |
| कुम्भ — उदरपीडा | मीन — मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## पत्रकार झासँग अधिकृत यादवले माफी मागे

प्रस, रौतहट, २५ फागुन/

नेपाल पत्रकार महासङ्घ, मधेस प्रदेश कार्यसमिति सदस्य शैलेन्द्र झासँग स्वास्थ्य कार्यालय, रौतहटका कोल्ड निरीक्षक अधिकृत पासपतराय यादवले माफी मागेका छन् ।

रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाही, राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक, स्वास्थ्य कार्यालयका प्रमुख दीपेन्द्र राय, कोल्ड निरीक्षक अधिकृत अनिल कर्ण, नेपाल पत्रकार महासङ्घ, रौतहटका सभापति प्रेमचन्द्र झा, गोरखापत्रका संवाददाता सञ्जय मिश्र, राजदेवी एफएमका रमेश सिंह, रौतहट एफएमका चञ्चल झा, आलोक दर्पणाका आलोक पाण्डे, दिव्य जागरणाका रामएकबाल साह, बाजिकाञ्चल दैनिकाका बिना राउत, अङ्कुश दैनिकका संवाददाता सत्येन्द्रप्रताप सिंहको रोहबरमा अधिकृत यादवले पत्रकार झासँग माफी मागेका हुन् ।

पत्रकार झाले बुधवार जिल्ला प्रशासन कार्यालय, रौतहटमा शान्ति सुरक्षा तथा आवश्यक कारबाईका लागि निवेदन दिएपछि जिप्रकाले अधिकृत यादवलाई झिकाएका थिए ।

सो क्रममा अधिकृत यादवले आफूले गलती गरेको स्वीकार गर्दै बोल्न नहुने कुरा बोलेकोले माफी पाउँ भनेका थिए ।

अधिकृत यादवले ९७ लाख रुपैयाँ पेश्की लिएर फछर्योट नगरेकोबारे पत्रकार झाले समाचारको लागि प्रतिक्रिया लिन खोज्दा उनले ज्यान मार्ने धम्की दिएका थिए ।

प्रजिअ शाहीले मुस्कानसहितको सेवा कर्मचारीले दिनुपर्नेमा धम्की दिनु गलत कार्य भएको बताए । आइन्दा यस्तो गलती दोहोरिएमा कानूनबमोजिम कारबाई गर्ने प्रजिअ शाहीले प्रतिबद्धता जनाए ।

## विद्यार्थीहरूलाई आध्यामिक प्रशिक्षण

प्रस, वीरगंज, २६ फागुन/

८६औं त्रिमूर्ति शिवजयन्ती




तस्वीरः सौजन्य

महोत्सवको अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको युवा प्रभागले वीरगंज पब्लिक कलेजमा एक दिने आध्यात्मिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

क्षेत्रीय सञ्चालिका ब्रह्माकुमारी रविना दिदीको अध्यक्षता भएको कार्यक्रममा प्रमुख अतिथि पूर्वशिक्षामन्त्री रामचन्द्रप्रसाद कुशवाहाले राष्ट्रका कर्णधार युवा विद्यार्थीहरूको चरित्र उत्थानको लागि यस प्रकारका आध्यात्मिक प्रशिक्षण आवश्यक रहेको बताए ।

क्याम्पसका संस्थापक अध्यक्ष, निर्देशक प्राडा दीपक शाक्यले बाटो बिराइरहेका युवा जमातलाई सही मार्ग निर्देश गर्न राजयोग ध्यान साधना र ईश्वरीय ज्ञानले ठूलो योगदान पुऱ्याएको बताए ।

ब्रह्माकुमारी रामकुमारी युवा प्रभाग वीरगंजका संयोजक ब्रह्माकुमार गोवर्धन, जीतेन्द्रले सहभागी विद्यार्थीहरूलाई प्रशिक्षण दिएका थिए ।

क्याम्पस प्रमुख डा विनय श्रेष्ठ, डा लक्ष्मी थापा, वरिष्ठ न्युरोलोजिस्ट डा श्यामबाबू पटेल सहभागी रहेको कार्यक्रमको सहजीकरण ब्रह्माकुमार गोकुल गुभाजूले गरेका थिए भने स्वागत ब्रह्माकुमारी ज्ञानुले गरेकी थिइन् । कार्यक्रममा ब्रह्माकुमारी सबिताले शिवरात्रि एवं आध्यात्मिक ज्ञानबारे प्रकाश पारेकी थिइन् ।

## दुर्घटनामा पाँचजना घाइते

प्रस, सिम्रौनगढ, २५ फागुन/

कलैया-वीरगंज सडकखण्डमा मङ्गलवार दुर्घटना हुँदा पाँचजना घाइते भएका छन् । कलैयाबाट वीरगंजतर्फ गइरहेको ना.१७ प ९९२३ नम्बरको मोटरसाइकल र सोही दिशाबाट गइरहेको प्र२-०२१प९७९५ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा पाँचजना घाइते भएका हुन् ।

फेटा गाउँपालिका-१ भलुवही निवासी प्रदीपकुमार दास, विनय दास, रोहित कुमार, कलैया उपमहानगरपालिका-१८ मोतीसर निवासी पवन गुप्ता र निभा देवी दुर्घटनामा घाइते भएका हुन्। उनीहरूको तराई अस्पताल र प्रादेशिक अस्पताल, कलैयामा उपचार भइरहेको छ ।

## गाँजा मुद्दाका फरार साह पक्राउ

प्रस, वीरगंज, २५ फागुन/

लागूऔषध गाँजा मुद्दामा फरार एकजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ । २०६९ पुस ६ गते छिपहरमाई गाउँपालिका-१ बस्ने गुमानी साहको गोठबाट प्रहरीले १४० किलो गाँजा बरामद गरेको थियो ।

गाँजा बरामद भएपछि साह फरार भएका थिए ।

मङ्गलवार इलाका प्रहरी कार्यालय पोखरियाले उनलाई छिपहरमाई गापा-२ बाट पक्राउ गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

### दोर्दी खोला.....

बाढीले क्षति बनाएको टनेलको सिपेज र बाँधस्थलमा निर्माण गरिएको ‘गेट’को मरम्मत भइरहेको छ ।

उनका अनुसार इलोट्रो-मेकानिकल, पेनस्टकको इनटेक, फिल्डर पाइपलगायत काम सम्पन्न भइसकेको छ। उक्त सबैको सफल परीक्षणसमेत भइसकेको छ । त्यस्तै पाइप बिच्छ्याउने, सुरुङ खन्ने लगायत अधिकांश निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ। पेनस्टेकको ७०० मिटर, तीन हजार २०० मिटरको सुरुङ खन्ने तथा पाइप बिच्छाउने, अर्को दुई हजार २७० मिटरको सुरुङको सम्पूर्ण काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । आयोजनाको बाँधस्थल २१२ मिटर ‘ग्रसहेड’ रहेको छ। बेंसीशहर नगरपालिका-११ रामचोकबेंसीमा पावर हाउस रहेको छ। विसं २०७२ फागुनदेखि निर्माण शुरू गरेको यस आयोजनाले विसं २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो ।

नाकाबन्दी, अघिल्लो वर्षायाममा विद्युत् गृहमा मर्स्याङ्दी नदीको पानी छिरेर मेशिनरी सामानमा पुऱ्याएको क्षति, कोरोनाका कारण जारी निषेधाज्ञा र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकोले ढिलाइ हुन पुग्दा निर्धारित समयमा काम सम्पन्न नभएको आयोजनाले जनाएको छ ।

पछि समय थपेर विसं २०७६ चैत मसान्तसम्म निर्माण सक्ने सम्झौता गरे पनि सो अवधिमा पनि निर्माण सम्पन्न नभएपछि विसं २०७६ असारसम्म सक्ने गरी सम्झौता भएको थियो। सो समयमा पनि निर्माण सम्पन्न गर्न नसकेपछि विसं २०७६ पुस महीनामा बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अघि बढेको थियो ।

सो समयमा पनि बिजुली उत्पादन गर्न नसकेपछि विसं २०७७ चैत महीनासम्म बिजुली उत्पादन गर्ने लक्ष्य राखियो तर सम्पन्न भएन । सोपश्चात् चैत महीनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य रहे पनि अब वैशाखमा मात्र उत्पादन हुने भएको छ ।

शुरूमा चार अर्ब २३ करोड लाग्ने अनुमानका साथ आयोजनाले निर्माण थालनी गरेपनि निर्माण अवधि लम्बिंदै गएकोले चार अर्ब ६४ करोड रुपियाँसम्म खर्च हुन सक्ने आयोजनाको अनुमान छ। यस आयोजनामा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को ३५.७ प्रतिशत, आइएमई ग्रुपको ३४.३ प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ । नेपाल विद्युत् प्राधिकरण र सो कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो ।

आयोजनाको अनुसार सुक्खायाममा आठ रुपियाँ ४० पैसा र वर्षायाममा चार रुपियाँ ८० पैसामा विद्युत् खरीद गर्ने सम्झौता भएको छ ।

जिल्लामा यस अघि आधा दर्जन जलविद्युत् आयोजनाले निर्माण कार्य सम्पन्न गर्दै बिजुली उत्पादन गरिरहेका छन् । त्यस्तै आधा दर्जनभन्दा बढी आयोजनाले निर्धारित समयमा निर्माण सम्पन्न गर्न नसक्दा पटक-पटक विद्युत् उत्पादन मिति तोक्दै निर्माण अघि बढाइरहेका छन् ।

नेपाल नेत्र ज्योति सङ्घको साधारणसभासम्बन्धी सूचना

नेपाल नेत्र ज्योति सङ्घ, पर्सा शाखाको साधारणसभा उल्लिखित स्थान र मितिमा हुने भएकोले यस शाखाका सम्पूर्ण सदस्यलाई कार्यक्रममा सहभागिताको लागि अनुरोध छ ।

मितिः २०७८ फागुन २८ गते शनिवार
स्थानः गीतामन्दिर, वीरगंज
समयः बिहान ११ बजेदेखि

मधु राणा
(सभापति)
नेपाल नेत्र ज्योति सङ्घ, पर्सा शाखा

# तीन जिल्लाका गरीबलाई भारतले ग्याँस, चुलो उपलब्ध गराउने

प्रस, वीरगंज, २५ फागुन/

तस्वीर सौजन्यः भारतीय दूतावास



भारत सरकारको आर्थिक सहयोगमा मधेस प्रदेशका सर्लाही, रौतहट र सप्तरी जिल्लाका पिछडिएका घरपरिवारलाई एलपी ग्याँस चुलो, ग्याँस सिलिन्डरलगायतका सामग्री उपलब्ध गराउन भारतीय राजदूतावास, काठमाडौं र नेपाल–भारत महिलामैत्री समाजबीच सम्झौता भएको छ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा भारत–नेपाल विकास सहकार्य कार्यक्रम अन्तर्गत समझदारीपत्रमा हस्ताक्षर भएको हो।

भारत सरकारको नेरु दुई करोड चार लाख ९० हजार अनुदान सहयोगमा मधेस प्रदेशका तीन जिल्लामा तीन हजारवटा ग्याँस चुलो, सिलिन्डरलगायतका सामग्री नेपाल–भारत महिलामैत्री समाजमार्फत उपलब्ध गराइने विज्ञप्तिमार्फत जानकारी गराइएको छ।

यो योजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजनामध्ये एक रहेको बताइएको छ। दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा निर्भर ग्रामीण क्षेत्रका घरपरिवारसम्म ग्याँस जस्ता सफा खाना पकाउने इन्धनको पहुँच विस्तार गर्न भारत सरकारले ल्याएको "प्रधानमन्त्री उज्ज्वला योजना"बाट यो योजना प्रेरित रहेको विज्ञप्तिमा जनाइएको छ।

सन् २००३ यता भारतले नेपालमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सिंचाइ, विद्युतीकरण आदिका क्षेत्रमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ, जसमध्ये ४६७ वटा सम्पन्न भइसकेका छन्।

तीमध्ये सर्लाहीका १९, रौतहटका पाँच र सप्तरीका नौ गरी मधेस प्रदेशमा ८१ वटा रहेका छन्।

यसका अतिरिक्त भारत सरकारले यी तीन जिल्लामा हालसम्म ८७ वटा एम्बुलेन्स र तीनवटा स्कूल बस उपहारस्वरूप प्रदान गरिसकेको भारतीय राजदूतावासले जनाएको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमैं चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा शेयर नगरौं।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## भलिबल र हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

प्रस, पोखरिया, २५ फागुन/

भिएसओ नेपाल र आसमान नेपालको आयोजनामा सञ्चालित बालबालिका तथा शिक्षा समावेशी सञ्जाल कार्यक्रम अन्तर्गत नेरामावि बर्वाछोटैलीमा भलिबल प्रतियोगिता सम्पन्न भएको छ।

तस्वीरः प्रतीक



११२औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आयोजना गरिएको प्रतियोगितामा कक्षा ७ देखि १२ का १६ जना छात्रछात्रा सहभागी थिए। प्रतियोगितामा 'ए' समूह प्रथम र 'बी' समूह द्वितीय भएका थिए।

त्यसैगरी, जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना प्राविधिक विद्यालय, पोखरिया र नेरामावि, बडेर्वामा महिला हिंसासम्बन्धी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ।

प्रअ रामबहादुर चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा रामनारायण गौरो, महन्तदास थारू, असिया देवी, आसमान नेपालका धर्मेन्द्र चौरसिया, बालिका तथा शिक्षा सञ्जालकी सदस्य रनिता पाण्डेलगायतको उपस्थिति थियो।

## शहीद स्मारक फूटबल : खुमलटार विजयी

काठमाडौं, २५ फागुन/रासस

राजधानीमा जारी शहीद स्मारक 'बी' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत आज भएको खेलमा खुमलटार युथ क्लब विजयी भएको छ।



खुमलटार युथ क्लब। तस्वीरः रासस

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फूटबल सङ्घ) कम्पलेक्समा भएको खेलमा खुमलटारले बाँसवारी क्बललाई १–० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। खुमलटारको जितमा सविन केसी नायक बने। उनले खेलको २९औं मिनेटमा गरेको एक गोल नै खुमलटारको लागि निर्णायक साबित भयो।

जितसँगै खुमलटार तीन खेलबाट ६ अङ्क जोड्दै अङ्क तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। चर्च ब्वाइज युनाइटेड र भगवती क्लबको पनि समान ६ अङ्क छ तर गोल अन्तरका आधारमा चर्च ब्वाइज शीर्ष स्थानमा छ। त्यस्तै भगवती क्लब दोस्रो स्थानमा छ।

यता बाँसबारीको भने तीन खेलमा दोस्रो पराजय हो। बाँसबारीले तीन खेलमा १ अङ्क जोडेको छ।

## कार्यालय सहायक र शिक्षिकाद्वारा गापामा धर्ना

प्रस, पोखरिया, २५ फागुन/

विन्ध्यवासिनी गाउँपालिकास्थित सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षिकाहरू र कार्यालय सहायकहरूले गापाको कार्यालयमा तालाबन्दी गरी धर्ना दिएका छन्।

तलब वृद्धिको माग गर्दै बुधवार तीन घण्टा धर्ना दिएको बालविकास शिक्षिका कुन्ती देवीले बताइन्। उनले हाल खाइपाइ आएको मासिक रु आठ हजारमा सरकारले थप गरेको सात हजारसमेत मासिक रु १५ हजार तलब हुनुपर्ने भनी ध्यानाकर्षण गराउँदै आएकोमा सुनवाइ नभएपछि तालाबन्दी गरेर धर्नामा बस्नुपरेको बताइन्।

गापा कार्यालयमा तालाबन्दी गरेर धर्नामा बसेकाहरूसँग सहकार्य गरेर स्थानीय बहुअर्वा प्रहरी चौकीले बिहीवार बिहान ११ बजे बैठक बसेर सहमति खोज्ने गरी विश्वस्त पारेपछि तालाबन्दी खोलिएको थियो।

गापा अध्यक्ष र धर्नाकारीबीच भोलि बैठक बसेर यसबारेमा सहमति बनाउने बताइएको छ।

विन्ध्यवासिनी गापामा १७ जना कार्यालय सहायक र १९ जना बालविकास शिक्षिकाहरू छन्।

## कङ्कालीनगरबाट स्थानीय पलायन, गाउँमा गोठ मात्र बाँकी

रामेश्वर मेहता, सिम्रौनगढ, २५ फागुन/

ऐतिहासिक, पर्यटकीय, धार्मिक स्थल सिम्रौनगढको पुरानो गाउँ कङ्कालीनगरका बासिन्दाहरू अन्यत्र पलायन हुँदा गाउँ गोठमा सीमित भएको छ।

आठ दशकपहिले यो गाउँ कङ्कालीनगरको नामले प्रसिद्ध थियो।

सिम्रौनगढको धार्मिक विवरण र जनश्रुति अनुसार कङ्कालीमाईको आगमन भएपछि सिम्रौनगढ ध्वस्त भएको थियो। त्यसपछि योगी मान्साराामले यहाँ कङ्कालीमाईको मन्दिर स्थापना गरेका थिए। त्यसै कारण यस गाउँको नाम कङ्कालीनगर हुन गयो। यो नगरमा पहिले घनाबस्ती थियो। यहाँ दलित, चमार, दुसाध, नुनिया, कोइरी जातिका मानिसहरूको बसोबास थियो।



बारा, सिम्रौनगढको कङ्कालीनगर। तस्वीरः प्रतीक

यो गाउँ सुनसान ठाउँमा भएको कारण चोर, डाँका, बदमाशहरूको आतङ्क थियो। गाउँमा दिनहुँ लुटपाट, चोरी, डकैती हुन थालेपछि यहाँका बासिन्दाहरू पलायन हुँदै कचोर्वा, कटहरिया, ठूलो इटवाल, सानो इटवाल, सिम्रौनगढ बजार र भगवानपुरमा बस्न थाले। स्थानीय बासिन्दा पलायन भएका कारण यहाँ अहिले आठ/दश वटा गोठ मात्र रहेको स्थानीय वृद्ध बेदामी महतो कोइरीले बताए।

सिम्रौनगढ नगरपालिका–५ स्थित कङ्कालीनगरलाई पुनः बस्न योग्य बनाउन नगरपालिका र सम्बन्धित निकायले ध्यान दिनुपर्ने वृद्ध कोइरीले बताए।